नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

(........................शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

च.नं. :

मिति : ..........................

## प्रेस विज्ञप्ति

आज मिति २०७३।०४।३१ गतेका दिन प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्माननीय प्रधानमन्त्री पुष्प कमल दाहाल 'प्रचण्ड'ज्यूको अध्यक्षतामा आपूर्ति व्यवस्थालाई प्रभावकारी तुल्याउने सम्बन्धमा बसेको बैठकवाट देहाय बमोजिमको निर्णयहरु भएकोले सम्बन्धित सवैको जानकारीको लागि यो प्रेस विज्ञप्ति जारी गरिएको छ।

१. बजारमा उपभोग्य बस्तुको आपूर्ति सहज तथा नियमित बनाउन, कृत्रिम मुल्यबृद्धि नियन्त्रण गर्न तथा गुणस्तरियता कायम गर्न काठमाण्डौं उपत्यका भित्र र उपत्यका वाहिरका प्रमुख शहर एवं व्यापारिक केन्द्रहरुमा बजार अनुगमन र तत्काल प्रभावकारी कानूनी कारवाही गर्नका लागि देहाय बमोजिमको द्रुत कार्य टोली (Rapid Action Team) गठन गर्ने:

| | |
|---|---|
| क) सचिव, आपूर्ति मन्त्रालय | संयोजक |
| ख) सहसचिव, गृह मन्त्रालय | सदस्य |
| ग) महानिर्देशक, भन्सार विभाग | सदस्य |
| घ) महानिर्देशक, पशुपन्छी विभाग | सदस्य |
| ङ) महानिर्देशक, नेपाल गुणस्तर तथा नापतौल विभाग | सदस्य |
| च) महानिर्देशक, औषधी व्यवस्था विभाग | सदस्य |
| छ) महानिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग | सदस्य |
| ज) महानिर्देशक, स्वास्थ्य सेवा विभाग | सदस्य |
| झ) प्रहरी नायव महानिरीक्षक, नेपाल प्रहरी | सदस्य |
| ञ) प्रहरी नायव महानिरीक्षक, सशस्त्र प्रहरी बल | सदस्य |
| ट) अनुसन्धान निर्देशक, राष्ट्रिय अनुसन्धान विभाग | सदस्य |

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

२. उक्त कार्य टोलीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेः

क) प्राप्त सूचनाका आधारमा महत्वपूर्ण व्यापरिक केन्द्रहरुमा तत्काल द्रुतत्तर अनुगमन गर्ने।

ख) प्रचलित कानून बमोजिम गैरकानूनी बस्तु जफत गर्ने र कानूनी कारवाही अगाडी बढाउने।

ग) जफत गरिएका गुणस्तरहीन बस्तुहरु सार्वजनिक रुपमा नष्ट गर्ने ।

घ) भए गरेका अनुगमन र कानूनी कारवाहीको जानकारी दैनिक सार्वजनिक गर्ने र सोको जानकारी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत गराउने ।

ङ) सम्बन्धित निकायलाई अनुगमन तथा कानूनी कारवाहीलाई प्रभावकारी बनाउने सम्बन्धमा उपयुक्त निर्देशन दिने साथै प्रचलित कानून उल्लंघन विरुद्ध कडा दण्ड सजाय हुने गरी विद्यमान कानूनलाई पुनरावलोकन गर्न सम्बन्धित निकायलाई निर्देशन दिने ।

च) न्यून विजकीकरणमा आयात भएका माल बस्तुहरु भन्सार विभागले यस कार्य टोलीको समन्वयमा खरिद गर्ने र लिलाम प्रक्रिया अगाडी बढाउने।

छ) उल्लेखित कार्यमा संलग्न राम्रो काम गर्नेलाई पुरस्कृत एवं संतोषजनक कार्य नगर्नेलाई दण्डित गर्ने ।

ज) बजार अनुगमन कार्यलाई आम उपभोक्ताले अनुभूत गर्नेगरी प्रभावकारी बनाउने ।

उक्त बैठकमा माननीय उपप्रधानमन्त्री तथा गृहमन्त्री, माननीय आपूर्ति मन्त्री, माननीय कृषि विकास मन्त्री र निमित्त मुख्य सचिव श्री शान्तबहादुर श्रेष्ठज्यू लगायत विभिन्न मन्त्रालय/निकायका पदाधिकारीको उपस्थिति रहेको थियो।

..............................
विनोद बहादुर कुँवर
प्रवक्ता/सहसचिव

२०७३ साउन ३१ गते

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np